२०७७ सालको कार्यविधि नं. ९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।१०।२२

प्रमाणीकरण मिति ः २०७७।१०।२५

# कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तौलिहवा,कपिलवस्तु

**२०७७**

# कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।१०।२२**

**प्रमाणीकरण मिति : २०७७।१०।२५**

**प्रस्तावना:** नगरपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै नगरपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम "कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **उद्देश्य:** कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

(क) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न ।

(ख) दफा ५ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न

(ग) कन्टिन्जेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न ।

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न ।

(ङ) कन्टिन्जेन्सी वापतको रकमको यर्थाथपरक विवरण अभिलेखीकरण गर्न आदि

३. **कन्टेन्जेन्सी रकमको व्यवस्था:** कार्यान्वयन हुने प्रत्येक योजनाको विनियोजित रकमको देहाय वमोजिम कन्टिन्जेन्सी तथा मर्मत सम्भारको लागि शुरुमै लागत अनुमान तयार गरिनेछ :

(क) तीन लाख सम्म विनियोजन भएको योजनाको हकमा तीन प्रतिशत् ।

(ख) तीन लाख भन्दा वढी विस लाख सम्म विनियोजन भएको योजनामा दुई दशमलव पांच प्रतिशत् ।

(ग) विस लाख भन्दा माथि जतिसुकै विनियोजन भएको योजना भएता पनि दुई प्रतिशत् ।

(घ) शशर्त अनुदानको हकमा उक्त अनुदानको कार्यविधि वा निर्देशिकामा तोकिए वमोजिम नै कट्टी गरिनेछ ।

४. **<u>लागत अनुमानको तयारी:</u>** दफा ३ को खण्ड (क) (ख) र (ग) वमोजिम कन्टिन्जेन्सी खर्च कट्टा गरी वांकी रहेको विनियोजित रकमलाई शत प्रतिशत् मानी योजनाको लागत अनुमान तयार गरिनेछ ।

५. **<u>कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरु:</u>** योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी कट्टा रकमलाई नगरकार्यपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण मूल्यांकन जांचपास तथा प्रतिवेदन सम्वन्धि खर्च एवं योजनासंग सम्वन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजा तथा खाना खर्च ।

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद ।

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च ।

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु ।

(ङ) नगरकार्यपालिकाको निर्णय बमोजिम तोकिएका अन्य क्षेत्र ।

(च) लेखापरीक्षण सम्बन्धी खर्च ।

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण/उपभोक्ता समिति गठन अभिमुखिकरण/तालिम/गोष्ठी कार्यक्रम खर्च ।

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च

(झ) स्थानीय तह वा अन्य निकायका योजना तथा कार्यक्रमका असल अभ्यासका सिकाई अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

(ञ) योजना संग सम्वन्धित सामाजिक परिचालन खर्च ।

(ट) गुणस्तर परिक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च ।

(ठ) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्वन्धि खर्च ।

६. **<u>कन्टिजेन्सी रकमको खर्च प्रकृति:</u>** योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकम मध्ये प्रशासनिक (चालु) अधिकतम ५५ प्रतिशत् र पुंजीगत अधिकतम ४५ प्रतिशत्का दरले खर्च गर्न सकिनेछ ।

७ **<u>वजेट फ्रिज सम्वन्धि व्यवस्था</u>** : आर्थिक वर्षको अन्तमा खर्च नभई वांकी रहेको रकम देहाय वमोजिम हुनेछ :

(क) नेपाल सरकार तथा प्रदेश सरकार तथा अन्य निकायहरुको शशर्त अनुदान अन्तर्गतको फ्रिज हुने भनी तोकेको सवै प्रकारका अनुदानको कन्टिन्जेन्सी रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ३ (तिन) दिन अगावै भुक्तानी दिई आर्थिक कारोवार वन्द गर्नुपर्नेछ ।

(ख) आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहेको कन्टिजेन्सी रकम संचित कोषमा दाखिला गरिनेछ र आगामी आर्थिक वर्षको लागि अनुसूची १ बमोजिमको कार्ययोजना तयार गरि खर्च गर्न सकिनेछ ।

(ग) नगरपालिकाको आफ्नो योजनाको कन्टिन्जेन्सी रकम खर्च नभएमा सो रकम आर्थिक वर्षको अन्त्यमा उपदान कोषमा दाखिला गर्न सकिनेछ ।

**८) कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणाली:** नगरकार्यपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा एकीकृत रुपमा हिसाव गरी सो को खर्च गरिने क्षेत्रहरुको अध्ययन गरी पुर्वाधार शाखावाट अनुसूचि १ वमोजिम कन्टिन्जेन्सी खर्चको कार्ययोजना तयार गरी राखिनेछ ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन संगै खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

**९. थपघट, हेरफेर वा संशोधन:** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**१०. बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

**११. यसै बमोजिम भए गरेको मानिने:** यो कार्यविधि स्वीकृत हुनु पुर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

## अनुसूचि १
### (कार्यविधिको दफा ८ संग सम्वन्धित)

| क.सं | योजनाको नाम | स्वीकृत रकम | कन्टिन्जेन्सी रकम | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |